
**Interdisciplinary Research in Education**
Volume 8, Issue 2, 2023: 21-34
DOI: https://doi.org/10.3126/ire.v8i2.60208



# चाणक्य नीतिभित्रका शिक्षा र व्यवहार उपयोगी नीतिहरू : हर्मेन्युटिक्स विश्लेषण

**जनार्दन घिमिरे**
*janardan.ghimire@cded.tu.edu.np*
*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर*

**शब्दकुञ्जी**

*चाणक्य नीति, शैक्षिक नीति, व्यवहार उपयोगी नीति, उपादेयता, हर्मेन्यूटिक्स ।*

**लेखसार**

*संस्कृत साहित्यको ख्याति प्राप्त ग्रन्थ चाणक्य नीतिमा निहित शैक्षिक तथा व्यावहारिक नीतिहरूको जानकारी प्रकाशमा ल्याउने र तिनको महत्त्व र उपादेयता प्रस्तुत गर्ने हेतुले यो लेख तयार गरिएको छ । चाणक्य नीतिमा के कस्ता शैक्षिक नीतिहरू छन् ? के कस्ता व्यवहार उपयोगी नीतिहरू छन् ? र ती नीतिहरूको वर्तमान समयमा के उपादेयता हुन सक्ला ? भन्ने प्रश्नहरूको उत्तर खोज्ने प्रयास यस लेखमा गरिएको छ । शास्त्रहरूको अध्ययन गर्ने प्रचलित हर्मेन्यूटिक्स विधिको प्रयोग गरी यो लेख तयार गरिएको छ । सूचना निर्माण गर्नका लागि चाणक्य नीतिका अंग्रेजी, नेपाली र हिन्दी अनुवादहरूको गहिराइपूर्वक अध्ययन गर्दै सान्दर्भिक सूचनाहरू टिपोट गरियो । टिपोट गरिएका सूचनाहरूलाई अध्ययन गरिएका ग्रन्थहरूको पुनः अध्ययन गरी जाँच गरियो । ती सूचनाहरूको पुनः अध्ययन गरी त्यसवाट अर्थ निर्माण गर्दै बुझाइको व्याख्या गरियो । चाणक्य नीतिमा शिक्षा र व्यवहार उपयोगी नीतिको विस्तृत संग्रह रहेछ । चाणक्य नीतिका अनुसार शिक्षा मानिसका लागि प्रधान कुरा हो । शिक्षालाई नीतिमा विद्या भनिएको छ । शिक्षा विद्याले मानिसमा गुणहरू विकास गर्छ र पूर्वनिर्धारित हुन्छ । पुरुषार्थ प्राप्ति नै शिक्षाको उद्देश्य हो । संसारमा धेरै ज्ञान छन्, तिनको सार ग्रहण गर्नु श्रेयष्कर छ । श्रवण, अभ्यास र योग साधना विद्या आर्जनका विधि हुन् । सिकारुको गुण र व्यवहारको अवलोकनबाट मूल्याङ्कन गर्नुपर्छ । शिक्षाको मूल दायित्व मातापिताको हो । शिक्षक योग्य र आदर्श हुनुपर्छ । विद्यार्थी पवित्र, अनुशासित र नैतिक हुनुपर्छ । नीतिले खास उमेर सम्म सिकारु र सन्तानको कल्याणका लागि दण्डलाई ग्राह्य मानेको छ । चाणक्य नीतिमा पर्याप्त व्यवहार उपयोगी तथा मानव कल्याणका लागि उत्प्रेरित गर्ने नीतिहरू छन् । मानिसलाई नैतिक धरातलमा उभिएर चार पुरुषार्थहरू प्राप्त गर्नका लागि आवश्यक हितकारी उपदेशहरू दिइएको छ जसको अवलम्बनद्वारा मानिसको व्यावहारिक जीवन सफल हुन्छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । हाम्रो शैक्षिक तथा सामाजिक व्यवस्थामा यस्ता ग्रन्थहरू उपेक्षित छन् । प्राज्ञिक निकायहरूले यस्ता ज्ञानको प्रचार र पुनर्व्याख्यामा विशेष ध्यान दिनु श्रेयष्कर छ ।*

## परिचय

पूर्वीय दर्शनको अध्ययनमा विशेष रुचि भएकोले वैदिक वाङ्मयमा के कस्ता ग्रन्थहरू छन् भन्ने विषयमा जिज्ञासा स्वाभाविक थियो। वेद, उपनिषद, ब्राह्मण ग्रन्थहरू, स्मृति ग्रन्थहरू आदिमा समेटिएका दार्शनिक तथा व्यावहारिक ज्ञानहरूलाई समेटेर नीति ग्रन्थहरू लेखिएका रहेछन् । ती नीति ग्रन्थहरूमा शुक्रनीति, विदुरनीति र चाणक्य नीति महत्त्वपूर्ण ग्रन्थहरू रहेछन्। हुन त चाणक्य नीतिको विषयमा अल्प रूपमा विद्यार्थी जीवनमै सुनिएको थियो तर त्यसको अध्ययन गर्ने अवसर मिलिरहेको थिएन । कोभिड महामारीमा गरिएको लकडाउनको समयमा पर्याप्त फुर्सद थियो। समय बिताउनका लागि रामायण, महाभारत लगायतका सिरियलहरू हेरियो। यसै क्रममा “चाणक्य” नामक सिरियल पनि छ भन्ने थाहा भयो । उक्त सिरियल हेरिसकेपछि चाणक्यद्वारा लिखित सबै ग्रन्थहरू पढ्ने भोक जागृत भयो । इन्टरनेट आर्काइभमा उनका सबै कृतिहरू पाइँदा रहेछन्। पढ्ने काम “चाणक्य नीति” नामक ग्रन्थबाट सुरु भयो । नेपाली, हिन्दी तथा अंग्रेजी भाषामा अनुदित भएकोले पढाइमा कठिनाइ भएन । रुचिपूर्वक केही दिनमा नै आद्योपान्त पढियो । त्यसमा समेटिएका नीतिहरू व्यावहारिक र अनुकरणीय छन् भन्ने निश्चय भयो। शैक्षिक दृष्टिले चाणक्य नीतिको व्याख्या भएको छ कि भनी इन्टरनेटमा खोजी गरियो । तर पाउन सकिएन । तत्पश्चात् अनुभूत भयो कि यस ग्रन्थलाई शैक्षिक महत्त्वका नजरले व्याख्या गरिएको छैन र ज्ञानको यो रिक्तता लाई पूरा गर्नु आवश्यक छ।

शिक्षाशास्त्रको विद्यार्थी र पेशाकर्मी भएकोले उक्त शास्त्रमा समेटिएका विषयवस्तुले शिक्षा क्षेत्रमा के महत्त्व राख्छन् भन्ने जिज्ञासाले उक्त ग्रंन्थलाई पुनः शैक्षिक आँखाले पढ्न प्रेरित गऱ्यो । दोहोऱ्याएर अध्ययन गर्दा यस्तो अनुभूति भयो कि यस शास्त्रमा ज्यादै उपयोगी शैक्षिक तथा व्यावहारिक नीतिहरू रहेछन् । यस अनुभूतिले यस्तो सोच विकास गऱ्यो कि मैले त यसमा भएका शैक्षिक विचारहरू देखें तर मेरा सहकर्मी तथा विद्यार्थी वा अन्य व्यक्तिहरूले यस विषयमा जानकारी प्राप्त गर्ने अवसर नपाएको हुन सक्छ । यदि लिपिबद्ध गरिदियो भने इच्छुक व्यक्तिहरू लाभान्वित हुन सक्थे । यस्ता शास्त्रहरूलाई शैक्षिक आँखाले हेर्ने व्याख्या गर्ने परम्परा अझ विकसित हुन्थ्यो । यस्ता शास्त्रहरूको समालोचनात्मक विश्लेषण, वहस तथा व्याख्या, पुनः व्याख्या गर्ने वा अध्ययन अनुसन्धान प्रेरणा प्राप्त हुन्थ्यो। यस्तै चिन्तनद्वारा प्रेरित भई चाणक्य नीतिमा निहित शैक्षिक र व्यवहारिक नीतिको बुझाइको व्याख्या गर्ने सदीक्षाले यो लेख तयार गरिएको छ।

## अनुसन्धान प्रश्नहरू

यस लेखको मुख्य लक्ष्य चाणक्य नीतिमा रहेका शैक्षिक तथा व्यावहारिक नीतिहरूको खोज गरी बुझाइको प्रस्तुतीकरण गर्नु हो । विशिष्टिकृत रूपमा यस लेखमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

चाणक्य नीतिमा नीहित शैक्षिक विचारहरूलाई कसरी व्याख्या गर्न सकिन्छ ?

चाणक्य नीतिमा कस्ता व्यवहार उपयोगी नीतिहरू छन् ?

चाणक्य नीतिमा भएका शैक्षिक र व्यावहारिक नीतिको वर्तमान समयमा कस्तो उपादेयता छ ?

## विधि

शास्त्रहरूको अध्ययन गर्ने प्रचलित विधिहरू मध्ये हर्मेन्युटिक (Crotty, 1998; Rukmani, 2008; Vieira and Queiroz, 2017) विधिको प्रयोग गरी यो लेख तयार गरिएको छ । अध्ययनका क्रममा चाणक्य नीतिका नेपाली, हिन्दी र अंग्रेजी भाषाका अनुवादहरू सङ्कलन गरियो। सङ्कलित सामग्रीहरूको अध्ययन गर्दै आफ्नो बुझाइलाई

कापीमा टिपोट गरियो । टिपोट वा निर्माण गरिएका सूचनाहरू सही छन् भन्ने कुराको सुनिश्चित गर्न पुनः सम्बन्धित पुस्तकहरू पढी सूचनाको मूल्याङ्कन गरियो । सूचनाहरू सही छन् भन्ने विश्वास भएपछि ती सूचनाहरूलाई शैक्षिक र व्यावहारिक नीतिअन्तर्गतका मूल शीर्षकमा वर्गीकरण गरियो । वर्गीकृत सूचनामा आधारित भई आफ्नो बुझाइलाई व्याख्या गरियो र लेखको संरचनामा प्रस्तुत गरियो । गुणात्मक अनुसन्धान खासगरी शास्त्रहरूको व्याख्या गर्ने अनुसन्धानकर्ताले पालन गर्नुपर्ने नैतिक सरोकारका विषयहरूलाई मध्यनजर गरी लेख तयार गरिएको छ ।

## चाणक्य नीति : कालजयी ग्रन्थ

ऐतिहासिक भारतवर्षको “मगध” नामक राज्यको ग्रामीण इलाकामा एक विद्वान् तर विपन्न परिवारमा लगभग ईशापूर्व ४०० तिर चाणक्यको जन्म भएको थियो (Chaturvedi, 2013)। उनका पिता चाणक एक महाज्ञानी ब्राह्मण थिए र तत्कालीन मगध राज्यका ख्यातिप्राप्त गुरु वा शिक्षक थिए । तत्कालीन मगध राज्यको वागडोर महानन्द नामक राजाले सम्हालेका थिए । राजा र राजाका भारदारहरू भोगविलासमा चुर्लुम्म डुवेका थिए र जनतालाई अत्यधिक करको भार थोपरेका थिए । परिणामस्वरूप जनतामाथि अन्याय–अत्याचार भैरहेका थियो । त्यसबेला जनतामाथिको अन्यायको विरुद्ध बोलेका कारण चाणक्यका बावु चाणकलाई मृत्युदण्ड दिइयो (अर्याल, संवत २०६४) । अब चाणक्य एक्लै भए र मगधबाट पलायन भए । कलिलो उमेरका चाणक्यले मगधका शासकहरूबाट हुनसक्ने खतराबाट जोगिनको लागि आफ्नो नाम विष्णुगुप्त राखी मगधको सिमाना कटे । पण्डित राधामोहन नामक व्यक्तिबाट उनले थप शिक्षा लिए (अधिकारी, संवत २०६८) । त्यसपछि तिनै पण्डितको सहयोगमा तक्षशिला विश्वविद्यालयमा उनले वेद, उपनिषद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति, दर्शन, ज्योतिष आदि विषयको गहन अध्ययन गरी विज्ञता हासिल गरे । उनले अर्थशास्त्रको पुस्तक लेखे जुन पुस्तक “कौटिल्यको अर्थशास्त्र” नामले विश्वप्रसिद्ध छ (शर्मा, संवत् १९८२) । चाणक्यद्वारा रचित साहित्यहरू समाजमा शान्ति, न्याय, सुशिक्षा, बहुआयामिक प्रगति सिकाउने ज्ञान भण्डारको रूपमा परिचित छन (श्रीमाली, १९६८ : ११) । चाणक्यले श्लोक र सूत्र दुवै रूपमा नीतिशास्त्रको पनि व्याख्या गरेका छन् (शर्मा, २०१३) । साथै उनले नीतिसम्बन्धी श्लोकहरू पनि लेखे । जुन श्लोकहरू “चाणक्य नीति” का नामले विश्वप्रसिद्ध छन् । यो ग्रन्थ विगतमा लोकप्रिय थियो, अहिले पनि छ र भविष्यमा पनि यसको लोकप्रियता कायमै रहने देखिन्छ (अधिकारी, संवत्. २०६८) । चाणक्यले तत्कालीन मगध राज्यमा (३५०-२७५ ईशापूर्व) राजाका लागि शिक्षादर्शन प्रस्तुत गरेका थिए जुन नीति कालजयी छ (Saxena, 2015, अर्याल, संवत्. २०६४) । उनी राजनीति र अर्थशास्त्रका शिक्षक थिए । त्यसैले उनी शिक्षा व्यवस्थाका ज्ञाता थिए (शर्मा, २०१३) । वास्तवमा यो ग्रन्थ निस्चय नै पुरानु हो तर यसमा समेटिएका विषय वस्तुहरू आजको समाजका लागि पनि त्यत्तिकै सान्दर्भिक भएको अनुभूति हुन्छ । भविष्यमा पनि यसको महत्ता घट्नेजस्तो देखिदैन । त्यसैले यसलाई कालजयी ग्रन्थको उपमा दिनु न्यायसंगत देखिन्छ ।

## चाणक्य नीतिमा समाविष्ट विषयवस्तु

नीति शब्दलाई सामान्यतया आफ्नो लक्ष्य प्राप्त गर्नको लागि नियम वा सिद्धान्त निर्धारित कार्य गर्नु भन्ने अर्थमा बुझिन्छ । सुव्यवस्था पनि नीतिको अर्थ हो (शर्मा, २०१३) । नीतिलाई लिएर जाने तरिका अर्थात् जीवनका नियमहरूलाई पालन गर्दै अघि बढ्ने प्रक्रियाको रूपमा पनि बुझ्न सकिन्छ। नीतिशास्त्र र दर्शनशास्त्रको अन्योन्याश्रित सम्बन्ध छ । मानिसले के गर्नुपर्छ ? कर्तव्य के हो ? जीवनको लक्ष्य के हो ? त्यसलाई प्राप्त गर्न के

गर्नुपर्छ ? परिवर्तित परिस्थितिमा कस्तो आचरण वा व्यवहार गर्नुपर्छ ? भन्ने कुराहरूको शिक्षण गर्ने ग्रन्थ नै नीतिशास्त्र हो (आत्रेय, १९६४) । अत नीतिशास्त्रहरू जीवनका प्रदर्शक सिद्धान्तहरू हुन् । जसको अबलम्बनले समाजलाई सुव्यवस्थित बनाउन र व्यक्तिको व्यवहारलाई नैतिक र आचरणशील बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

आचार्य चाणक्यद्वारा लिखित "चाणक्य नीति" नामक पुस्तकमा १७ अध्याय अन्तर्गत १३८ श्लोकहरू छन् । उक्त पुस्तक संस्कृत भाषामा लेखिएको छ । संसारका प्रमुख भाषाहरूमा यसको अनुवाद भएको छ (शर्मा, २०१३) । अंग्रेजी, हिन्दी र नेपाली भाषामा यस कृतिका अनुवादहरू सर्वसुलभ छन् । चाणक्य नीतिमा मूल रूपमा व्यवहार संचालनका नीतिशास्त्र अध्ययनको महत्त्व, सुख–दुःख, गर्न नहुने र गर्नुपर्ने कर्महरू, विवाहका लागि कन्या छनोटका आधारहरू, स्त्री शक्तिको महिमा, पापकर्म र पुण्यकर्म, सन्तानको शिक्षा, शत्रु–मित्र र साधु दुर्जनको लक्षण, त्याग्नुपर्ने र ग्रहण गर्नुपर्ने कुराहरू, मातापिताको कर्तव्य, विद्याको महिमा, कर्मफल, धर्म, शान्ति, सत्य, विभिन्न जनावरबाट सिक्नुपर्ने कुराहरू, धन आर्जन र उपयोगको नीति, सज्जन र दुर्जनका लक्षण, गृहस्थ धर्म, बन्धन र मोक्ष, समयको सदुपयोग, गुरुको महिमा आदि विषयहरू समाविष्ट छन् ।

चाणक्य नीतिको अध्ययन पछि यस्तो अनुभूति हुँदो रहेछ कि यसमा वास्तवमै सार्थक जीवनका लागि बहुमूल्य नीतिहरू छन् । ती नीतिहरू केवल पढ्नका लागिमात्र नभएर व्यावहारमा प्रयोग गर्नका लागि हुन् । प्रत्येक मानिसलाई जीवनमा सुख शान्ति, र सफलता प्राप्त गर्ने इच्छा हुन्छ जसका लागि यो शास्त्र प्रेरणाको श्रोतको रूपमा देखिन्छ । नैतिक, अनुशासित, चरित्रवान्, विवेकशील भई लोकसम्मत तरिकाले धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ प्राप्त गर्नका लागि चाणक्य नीतिले पथ प्रदर्शन गरेको छ । चाणक्य नीति केवल वुद्धिविनोद होइन, शास्त्रीय विचारहरूको सार पनि हो । यस ग्रन्थको पहिलो श्लोकमै भनिएको छ "वेद, पुराण, उपनिषद् जस्ता अनेकौं शास्त्रको सार यो नीति हो (१.१)" ।[1] तलका शीर्षक तथा उपशीर्षकहरूमा चाणक्य नीतिमा पाइएका शिक्षा र व्यवहार उपयोगी नीतिहरूको चर्चा गर्ने प्रयास गरिएको छ ।

## शिक्षासँग सम्बन्धित नीतिहरू

चाणक्य नीति तत्कालिन समाजको आवश्यकता अनुसार सिर्जना भएको ग्रन्थ हो त्यसैले आधुनिक शिक्षामा प्रचलित सबै शैक्षिक पक्ष्यहरू यसमा नसमेटिएको हुन सक्छ । तर आधुनिक समाजको शिक्षा व्यवस्थामा पनि उपयोगी देखिने विभिन्न शैक्षिक नीतिहरू यसमा समेटिएको पाइन्छ । शैक्षिक दृष्टिले उपयोगी देखिएका केही नीतिहरू निम्नअनुसार छन् :

**विद्याको महत्त्व** : चाणक्य नीतले विद्यालाई मानव जीवनको अति शोभायमान गहनाको रूपमा चित्रण गरेको छ । एक श्लोकमा भनिएको छ-रूपयौवनसम्पन्ना विशालकुलसंभवाः । विद्याहीना न शोभन्ते निर्गन्धा इव किंशुकाः (३.८) । अर्थात् रूप र यौवनले सम्पन्न भएको र विशाल कुलमा जन्मिएको भए पनि यदि ऊ विद्याहीन छ भने वास्ना नआउने पलासको फूलजस्तै अशोभाहीन हुन्छ । यसरी नै अर्को श्लोकमा भनिएको छ-कोइलीको शोभा स्वर हो, नारीको शोभा पतिव्रता हो, कुरूपको शोभा विद्या हो र तपस्वीको शोभा क्षमा हो (३.९) । अर्को एक प्रसङ्गमा नीतिले भनेको छ-विद्यायुक्त

१ यस लेखमा कोष्ठ ( ) भित्र लेखिएका अंकले चाणक्य नीतिको अध्याय र श्लोक संख्या जनाउँछ । अध्याय र श्लोक संख्याको टिपोट अधिकारी (संवत् २०६८) को चाणक्य नीति दर्पण नामक किताबमा आधारित भई गरिएको छ । अन्य किताबहरूमा ती श्लोकहरू तल वा माथि भएको पनि भएको पाइयो ।

एउटै सुपुत्रले कुललाई नै यस्तो आनन्दित बनाउँछ, जसरी चन्द्रमाले रातलाई आनन्दित बलाउँछ (३.१६) । चाणक्य नीतिले विद्यालाई कामधेनुको रूपमा लिएको छ । श्लोकमा उल्लेख गरिएको छ-विद्यामा कामधेनुको समान गुण हुन्छ । किनकि प्रतिकूल समयमा पनि यसले फल दिन्छ । परदेशमा आमा समान हुन्छ । त्यसैले विद्यालाई गुप्त धन भनिन्छ (४.५) । अर्को श्लोक भन्छ-विद्या विना जीउने मानिस कुकुरको पुच्छरजस्तै हो, किनभने कुकुरको पुच्छरले न गुप्ताङग छोपिन्छ, न भिंगा तथा मच्छर धपाउन सक्छ (७.१९) । विद्या छैन भने उच्च कुलमा जन्मिएर पनि के भो र, नीच कुलमा जन्मिएर पनि विद्या छ भने ऊ देवताद्वारा पनि पुजिन्छ (८.२१) । अर्को श्लोकमा भनिएको छ- विद्वान् प्रशंस्यते लोके विद्वान् सर्वत्र गौरवम् । विद्यया लभते सर्वम् विद्या सर्वत्र पूज्यते । (८.२२) । अर्थात् संसारमा विद्वान् नै प्रशंसित हुन्छ । विद्वान्ले सबै ठाउँमा आदर पाउछ । विद्याले सबै कुरा मिल्छ । विद्या नै सबै ठाउँमा पुजित हुन्छ । यसरी नै अर्को श्लोकमा विद्याको महत्त्वलाई यसरी चित्रण गरिएको छ-येषां न विद्या न तपो न दानं ज्ञानं न शीलं न गुणो न धर्मः । ते मृत्युलोके भुवि भार भूता मनुस्यरूपेण मृगाश्चरन्ति (१०.७) । अर्थात् त्यस व्यक्तिमा न विद्या छ, न तप छ, न शील छ, न गुण छ, न धर्म छ, त्यो व्यक्ति पृथ्वीको भार हो, मानिस रूपी मृग भएर ऊ घुमिरहन्छ । उल्लिखित चाणक्य नीतिका श्लोकहरूले विद्यालाई ज्यादै महत्त्वपूर्ण साधनको रूपमा स्वीकार गरेको देखिन्छ । विद्या आर्जन गर्नु आवश्यक मात्र होइन अपरिहार्य हो र विद्याको सामाजिक जीवनका विभिन्न आयामहरूसँग सरोकार हुने कुरा चाणक्य नीतिले सुझाएको छ ।

**विद्या जन्मजात गुण हो र क्षमतामा विविधता हुन्छ :** चाणक्य नीतिका अनुसार विद्या मानिसले गर्भबाटै लिएर आउछँ र व्यक्तिहरूको क्षमतामा विभिन्नता हुन्छ । आयुः कर्म च वित्तं च विद्या निधनमेव च । पञ्चैतानि हि सृज्यन्ते गर्भस्थस्यैव देहिनः (४.१) । अर्थात् आयु, कर्म, धन, विद्या र मृत्यु यी पाँच कुरा मानिसले गर्भबाटै लिएर आउँछ । क्षमताको विविधताको विषयमा लेखिएको छ– एउटै गर्भबाट एउटै समयमा जन्मेका जुम्ल्याहाको स्वभाव उस्तै हुँदैन, जस्तै एउटै बोटमा फलेका बयर र त्यसका काँढामा उस्तै गुण हुँदैन (५.४) । यी नीति श्लोकहरूले आधुनिक मनोविज्ञानले भन्ने गरेका वैयक्तिक भिन्नताको विषय र मानिसको वर्तमान जीवनमा वंशाणुगत गुणले पार्ने प्रभावको विषयका उदाहरणसहित उल्लेख गरेको छ ।

**शिक्षाको उद्देश्य-पुरुषार्थ प्राप्ति :** चाणक्य नीतिले चार पुरुषार्थ प्राप्तिलाई प्रमुखताका साथ उठान गरेको छ, जसलाई शिक्षाको लक्ष्यको रूपमा हेर्न सकिन्छ । श्लोकमा भनिएको छ- धर्म, अर्थ, काम, मोक्ष मध्ये कुनै पनि एक उपलब्धि नभएको मानिसका लागि जन्मको उद्देश्य केवल मृत्यु मात्र भयो (४.६) । यसरी नै अर्को अध्यायमा भनिएको छ-धर्मार्थकाममोक्षाणां यस्यैकोऽपि न विद्यते । अजागलस्तनस्येव तस्य जन्म निरर्थकम् ॥ (१३.१०) । अर्थात् धर्म, अर्थ, काम, मोक्षमध्ये एउटा पनि पुरुषार्थ नभएको व्यक्ति बाख्राको घाँटीमा झुण्डिएको लुर्कोजस्तो निरर्थक हुन्छ । यी भनाइले मानिसले चार पुरुषार्थ प्राप्त गर्नुपर्छ भन्ने आसय व्यक्त गर्छन् । त्यसैले चार पुरुषार्थ विद्या प्राप्तिको लक्ष्य पनि हो । यी चार पुरुषार्थको प्राप्तिले मानिसको सर्वाङ्गीण विकासको अपेक्षा गरेको देखिन्छ । नैतिक मूल्य मान्यतामा आधारित भई भौतिक तथा आध्यात्मिक निपुणता प्राप्ति तर्फ संकेत गरेको छ ।

**विद्याका विषय :** विद्याका विषयमा चाणक्य नीतिले अध्ययन वा पठन-पठनका धेरै विषय छन् भनेको छ- अनन्तंशास्त्रं बहुलाश्च विद्याः, अल्पं च कालो बहुविघ्नताश्च । यत्सारभूतं तदुपासनीयं, हंसो यथा क्षीरमिवम्बुमध्यात् ॥ (१५.१०) । श्लोकको आशय

हो-शास्त्र अनन्त छन्, विद्या धेरै छन्, समय थोरै छ, र विघ्न धेरै छन् । त्यसैले त्यसको सार लिनु राम्रो हो जसरी हाँसले पानीभित्रको दूध लिन्छ । यस कथनले अध्ययन अध्यापनका विषयहरू व्यापक भएको तर मानव जीवन छोटो भएकोले ती सबै विषयहरू अध्ययन गर्न असम्भव हुन्छ । त्यसैले शास्त्रहरूको सार, आवश्यकताका आधारमा अध्ययन गर्नुपर्छ भन्ने भाव प्रकट गरेको छ ।

**जनावर सिकाइका स्रोत :** चाणक्य नीतिले केवल शास्त्रलाई मात्र नभएर हाम्रा चिर परिचित जनावरहरूलाई समेत सिकाइको स्रोत मानेको छ । श्लोकहरूमा भनिएको छ-सिंहादेकं वकादेकं शिक्षेच्चत्वारि कुक्कुटात् । वायसात्पञ्च शिक्षेच्चषट् शुनस्त्रीणिगर्दभात् ॥ (६.१४) । यसको अर्थ हो-जनावरबाट सिक्नुपर्ने कुरा यसप्रकार छन् : हामीले सिंहबाट १, बकुल्लाबाट १, कुखुराबाट ४, कागबाट ५, कुकुरबाट ६, र गधाबाट ३ गुण सिक्नु उचित छ । **सिंहबाट**-सानो काम पनि पूर्ण प्रयत्नद्वारा गर्नु, **बकुल्लाबाट**– इन्द्रियसंयम गरी देश, काल र आफ्नो सामर्थ्यलाई विचार गरी काम गर्नु । **कुखुराबाट**-समयमै व्युँझिनु, लड्ने तयारीमा रहनु, बाँढेर खानु, आक्रमण गरी भोग गर्नु । **कागबाट**-लुकेर मैथुन गर्नु, चतुरता, समयमा संग्रह, सावधान रहनु, कसैमाथि भरोसा नगर्नु । **कुकुरबाट**-अधिक खाने शक्ति हुनु, थोरैले पनि सन्तुष्ट हुनु, गाढा निद्रामा रहनु, तुरुन्त व्युझनु, स्वामीको भक्ति, शूरता । **गधाबाट**-थकाइको प्रवाह नगरी भारी बोकिरहनु, जाडो र गर्मीको ख्याल नगर्नु, सधै सन्तुष्ट भएर हिँड्नु (६.१५-२०) । चाणक्यले सुझाएका जनावरहरूबाट सिक्ने कुराहरू ज्यादै घतलाग्दा र व्यवहार उपयोगी छन् । मानिसले आफ्नै कर्म क्षेत्रमा वा पर्यावरणमा भएका सोतहरूबाट उपयोगी ज्ञान र सिप आर्जन गर्न सकिन्छ भन्ने विषय पछिल्ला शिक्षा दर्शनहरूले पनि स्वीकार गरेका छन् । यो शिक्षा केवल विधार्थीका लागि मात्र नभएर सबै गृहस्थहरूका लागि त्यतिकै उपयोगी छ ।

**ज्ञान वा विद्याका विधिहरू :** चाणक्य नीतिमा ज्ञान/विद्या आर्जनगर्ने विधिहरूको विषयमा पनि उल्लेख भएको पाइन्छ ।  नीतिले अभ्यासबिनाको विद्यालाई विषको उपमा दिएको छ । श्लोक यस्तो छ-अनभ्यासे विषं शस्त्रमजीर्णे भोजनं विषम् । दरिद्रस्य विषं गोष्ठी वृद्धस्य तरुणी विषम् । (४.१५) । अर्थात् अभ्यासबिनाको शास्त्र विद्या विष हुन्छ । अघाएकालाई भोजन विष हुन्छ । दरिद्रका लागि सभा विष हो र वृद्धका लागि तरुणी विष हो । विद्या आर्जनका लागि आलस्यरहित अभ्यास गर्नुपर्छ भन्ने कुरा नीतिमा यसरी भनिएको छ-आलस्यले विद्या, अर्काको हातमा जानाले धन, बिउको न्युनताले खेत र सेनापतिको अभावमा सेना नस्ट हुन्छ (५.७) । श्रवणलाई विद्या आर्जनको विधिको रूपमा नीतिले उल्लेख गरेको छ-मानिसले सुनेर नै धर्मको जानकारी पाउँछ, दुवुर्द्धि परित्याग गर्छ, ज्ञान प्राप्त गर्छ र मोक्ष प्राप्त गर्छ (६.१) । योगलाई विद्याको विधिको रूपमा यसरी चित्रण गरिएको छ-वित्तेन रक्ष्यते धर्मो विद्या योगेन रक्ष्यते । मृदुना रक्ष्यते भूपः सत्स्त्रिया रक्षते गृहम । (५.९) । अर्थात् धनले धर्मको, योग (अष्टाङ्ग योग) द्वारा विद्याको, नरम बोलीले राजाको र असल महिलाले घरको रक्षा हुन्छ । चाणक्य नीतिका यी श्लोकहरूले अभ्यासलाई प्रमुख विधिको रूपमा लिएको देखिन्छ । साथै श्रवण र योग साधना विद्या प्राप्तिका लागि उपयोगी छन् भनिएको छ । यी विधिहरू अहिलेको शिक्षा परम्परामा पनि त्यत्तिकै सान्दर्भिक देखिन्छन् ।

**मूल्याङ्कनको तरिका :** मूल्याङ्कन सम्बन्धी घतलाग्दा श्लोकहरू पनि चाणक्य नीतिमा पाउन सकिन्छ । जस्तै : यथा चतुर्भिः कनकं परीक्ष्यते, निघर्षणं छेदनतापताडनैः । तथा चतुर्भिः पुरुषः परीक्ष्यते, त्यागेन शीलेन गुणेन कर्मणा ॥ (५.२) । यसको अर्थ हो-घोटेर, पिटेर, पगालेर, पोलेर यी चार तरिकाले सुनको परीक्षण हुन्छ । अभ्यासद्वारा विद्या, सुशीलताद्वारा कुल, गुणद्वारा भलोव्यक्ति र आँखाद्वारा रिसको जानकारी प्राप्त हुन्छ (५.९) ।

यस कथनले विद्यार्थीको मूल्याङ्कन गर्दा बहुविधिको अवलम्बन गर्नुपर्छ भन्ने सन्देश दिन्छ । विद्यार्थीले प्रदर्शन गर्ने व्यवहार, शील, गुण र मुखाकृतिद्वारा विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ भन्ने विषयको संकेत यहाँ पाइन्छ ।

**सन्तानको शिक्षाका लागि मातापिताको दायित्व :** माता पितालाई सन्तानको शिक्षा दीक्षाका लागि सचेत रहन चणक्य नीतिले निर्देश गरेको छ । नीतिले भनेको छ - बुद्धिमान् व्यक्तिले आफ्ना सन्तान नीतिज्ञ र शीलवान बनाउनुपर्छ । त्यसो भयो भने ऊ कुलद्वारा पुजित हुन्छ (२.१०) । अर्को श्लोकमा भनिएको छ–माता शत्रुः पिता वैरी येनवालो न पाठितः । न शोभते सभामध्ये हंसमध्ये वको यथा (२.११) ॥ यस श्लोकको आशय हो- ती माता पिता शत्रु हुन् जसले आफ्ना सन्तानलाई शिक्षा दिदैनन् । किनकि अशिक्षित व्यक्ति सभामा यसरी अशोभित हुन्छ, जसरी हाँसका बिचमा बकुल्लो असोभित हुन्छ । यसरी नै अर्को श्लोकमा लेखिएको छ - माता पिताले छोरीलाई श्रेष्ठ कुलमा दिन, पुत्रलाई विद्यामा लगाउन, शत्रुलाई दुःख दिन र मित्रलाई धर्मको उपदेश दिनु उचित हुन्छ (३.३) । यी श्लोकहरूले मातापिताले आफ्ना सन्ततिलाई सुशिक्षा दिने दायित्व ग्रहण गर्न निर्देशन दिएको छ ।

**विद्यार्थी :** चाणक्य नीतिले विद्या आर्जनमा लाज नमान्न निर्देशित गरेको छ-व्यापार, विद्या संग्रह र व्यवहारमा लाज नमान्ने मानिस सुखी हुन्छ (७.२) । साथै विद्यार्थीले आफूले आर्जन गरेको विद्यामा सिद्धि (निपूर्णता) प्राप्त गर्नु आवश्यक छ । नीति भन्छ-गुणविनाको सुन्दरता व्यर्थ छ, शील नभएको कुल निन्दित हुन्छ, सिद्धिविनाको विद्या व्यर्थ छ, भोग विनाको धन व्यर्थ छ (८.१८) । यदि सुखको चाहाना हो भने विद्या छोडिदिनू । यदि विद्या चाहने हो भने सुख त्यागिदिनू । सुखार्थीलाई विद्या र विद्यार्थीलाई सुख कसरी हुन्छ (१०.३) । शिक्षार्थीले परित्याग गर्नुपर्ने विषयमा नीति भन्छ- कामं क्रोधं तथा लोभं स्वाद शृङ्गारकौतुकम् । अतिनिद्राऽतिसेवा च विद्यार्थी ह्याष्ट वर्जयेत् । (११.१०) । यसको आशय हो-विद्यार्थीले यी आठ कुराहरू : काम, क्रोध, लोभ, मिठो वस्तु, शृङ्गार, खेल, अति निद्रा र अति सेवालाई छोडी दिनू । यी नीतिहरूले विद्यार्थीमा विशेष अनुशासन र पवित्रताको अपेक्षा गरेको देखिन्छ । सुख सयलमा विद्याप्राप्ति कठिन छ भन्ने भाव उजागर गरेको छ ।

**दण्ड आवश्यक :** चाणक्य नीतिमा दण्डलाई आवश्यक ठानिएको छ । नीति भन्छ-अधिक लाडप्यार दोषपूर्ण छ, दण्ड दिनुमा धेरै गुण छन् । त्यसर्थ पुत्र र शिष्यलाई दण्ड दिनु उचित छ (२.१२) । अर्को एक श्लोकमा भनिएको छ– लालयेत् पञ्चवर्षाणि दशवर्षाणि ताडयेत् । प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत् (३.२०) । अर्थात् ५ वर्षसम्म पुत्रलाई लाडप्यार गर्नु, १० वर्षसम्म ताडना दिनु, १६ वर्षको भएपछि मित्र समान व्यवहार गर्नु । चाणक्यले अपेक्षा गरेको दण्ड व्यवस्था आजको युगमा सायद असान्दर्भिक छ । पश्चिमा शिक्षा प्रणालीमा यो कुरा वर्जित छ तर चाणक्यले यसलाई आवश्यक देखे । यसका पछाडि कुनै रहस्य होला कि ? तर यो दण्ड सांकेतिक हो भने स्वीकार्य पनि हुन सक्छ ।

**गुरु :** गुरुलाई चाणक्य नीतिले विद्याको अनिवार्य पक्ष मानेको छ । जसले गुरुको निकटतामा नबसी आफू खुसी पुस्तक पढ्छ, त्यो व्यक्ति सभाका विचमा व्यभिचारले गर्भधारण गरेकी महिला समान अशोभित हुन्छ (१७.१) । गुरुले मूर्ख शिष्यलाई उपदेश नदिनु भन्ने प्रसङ्गमा नीतिमा लेखिएको छ-मूर्खशिष्योपदेशेन दुष्ठास्त्रीभरणेन च । दुःखितैः सम्प्रयोगेण पण्डितोऽप्यवसीदति ॥ (१.४) । यसको अर्थ हो-मूर्ख शिष्यलाई उपदेश, दुष्ट पत्नीको पालनपोषण, प्रियजनको वियोग, धन नास, दुःखीसँगको सम्बन्धले विद्वान् पनि दुःखि हुन्छ ।

नीतिमा गुरुका किसिमको विषयमा पनि यस्तो भनिएको छ-पत्नीको गुरु पति हो । अतिथि सबैका गुरु हुन । ब्राह्मण, क्षत्री र वैश्यका गुरु अग्नि हुन् । चारै वर्णका गुरु ब्राह्मण हुन् (५.१) । एक छाक भोजनले सन्तुष्ट भएर पढ्ने पढाउने, यज्ञ गर्ने गराउने, दान लिने दिने, ऋतु कालमा आफ्नी पत्नीसँग मात्र शारीरिक संसर्ग गर्ने ब्राह्मणलाई द्विज भनिन्छ (११.१२) । अर्थात् त्यस्ता द्विज नै गुरु हुन् । नीति श्लोकहरूले विद्याका लागि गुरुको अपरिहार्यता स्वीकार गरेको छ । असल पात्रलाई मात्र उपदेश दिनुपर्ने कुरामा जोड दिएको देखिन्छ। गुरु उच्च आदर्शले सम्पन्न हुनुपर्छ भन्ने भाव पनि बुझ्न सकिन्छ ।

यसप्रकार चाणक्य नीतिमा शिक्षासम्बन्धी घत लाग्दा विषयहरू छन् । शिक्षाका विभिन्न पक्षहरू समेटिएको पनि छ । Saxena (2015) को दृष्टिमा चाणक्यले शिक्षासम्बन्धी सन्तुलित विचार प्रस्तुत गरे । उनको शिक्षा नीतिमा ब्राह्मण, क्षत्री र वैश्यहरूको निरन्तर शिक्षालाई जोड दिएको छ । तर शूद्र र महिलाको विषयमा ध्यान दिएको देखिँदैन ।

## व्यवहार उपयोगी नीतिहरू

चाणक्य नीतिमा व्यवहार उपयोगी नीतिहरू घेरै छन् । ती मध्ये केही शिक्षणीय/अनुकरणीय नीतिहरू निम्नाअनुसार छन् :

मानिसलाई के कुराहरूले सुख वा दुखः हुन्छ भन्ने विषयमा नीतिमा भनिएको छ- भोज्यं भोजनशक्तिश्च रतिशक्तिवरांगना । विभवो दानशक्तिश्च नाऽल्पस्य तपसः फलम् ॥ (२.२) । यसको अर्थ हो-स्वादिष्ट भोजनको पर्याप्तता, वृद्ध अवस्थामा राम्रो पाचन क्षमता, पर्याप्त धनसम्पत्ति, सम्भोग शक्ति, राम्री पत्नी सुखका विषय हुन् । यी सुखहरू सानोतिनो तपस्याबाट पाईदैन, यो पूर्वजन्मको असल कर्मको फल हो । अर्को श्लोक भन्छ-आज्ञाकारी पुत्रहरू, पतिको इच्छा अनुसार चल्ने श्रीमती, आफूसँग भएको वैभवमा सन्तुष्ट हुनु स्वर्ग समान सुख हो (२.३) । ज्ञान बराबर अर्को सुख छैन (५.१२) यस कथनले ज्ञानलाई सुखको सर्वोत्तम साधन मानेको देखिन्छ । जहाँ मूर्खको पूजा हुँदैन, जहाँ अन्नको पर्याप्त सञ्चय हुन्छ, जहाँ स्त्री–पुरुषबिच कलह हुँदैन, त्यहाँ लक्ष्मी स्वयम् उपस्थित हुन्छिन् (३.२१)। ज्यादै दुष्ट पत्नी, कपटी मित्र, वादविवाद गर्ने सेवक, घरमा सर्पको वास मृत्यु समान छन् (१.५)। मूर्खता दुःख हो तर अर्काको घरमा वासचाहिं अझ दुःख दायक हो (२.८)। पत्नी वियोग, आफन्तद्वारा अनादर, युद्धमा बचेको शत्रु, दुष्ट राजाको सेवा, दरिद्रता र दुष्टहरूको सभा, यी कुराले आगो विना नै शरीरलाई जलाउँछन् (२.१५)। ज्यादै कष्टदायक कुराहरू के के हुन् भन्ने विषयमा नीतिमा भनिएको छ-कुग्रामवासः कुलहीन सेवा कुभोजन क्रोधमुखी च भार्या। पुत्रश्च मूर्खो विधवा च कन्या विनाग्निमेते प्रदहन्ति कायम् (४.८)। यस कथनको अर्थ हो- गलत गाउँ (दुष्टहरूको गाउँ) को वास, निच कुलको सेवा, कुभोजन, झगडालु श्रीमती, मूर्ख पुत्र, विधवा छोरी, यी ६ कुराले आगो विना नै शरीर जलाउँछन् (४.८) । यी नीति कथनहरू आजको पारिवारिक तथा सामाजिक जीवनमा पनि चरिथार्थ छन् ।

चाणक्य नीतिले मानिसलाई खराब सामाजिक वातावरणमा नबस्न निर्देशित गरको छ। नीतिमा भनिएको छ- यस्मिन् देशे न सम्मानो न वृत्तिर्न च बान्धवाः । न च विद्यागमोऽप्यस्ति वासस्तत्र न कारयेत् ॥ (१.८)। अर्थात् जुन देशमा आफ्नो आदर सम्मान छैन, जहाँ जीविका चलाउने साधन छैन, जहाँ बन्धुवान्धव छैनन्, जहाँ विद्या आर्जन गर्ने प्रवन्ध छैन, त्यस्तो ठाउँमा नबस्नु । धनी मानिस, वेद जान्ने ब्राह्मण, राजा, खोला र वैद्य नभएको ठाउँमा एक दिन पनि नबस्नू (१.९) । यो उपदेश पनि निसन्देह व्यवहारसम्मत छ। यसरी नै नीतिले दुर्जन वा दुष्ट मानिसका लक्षणहरू उल्लेख गर्दै त्यस्ता व्यक्तिबाट टाढा रहन भनेको छ । श्लोक

यस्तो छ-दुर्जनस्य च सर्पस्य वरं सर्पो न दुर्जनः । सर्पो दंशति काले तु दुर्जनस्तु पदे पदे ॥ (३.४) । अर्थ हो-दुर्जन र सर्पमा सर्प असल हो । किनकि सर्पले मौकामा एकपटक डस्छ, तर दुर्जनले प्रत्येक पाइलामा डस्छ । मूर्खलाई टाढा राख्नु उचित हुन्छ किनकी हेर्दा ऊ मानिस भए पनि यथार्थमा ऊ दुईखुट्टे पशु हो र वचनका दृष्टिले काँडा हो (३.७) । दुर्जनको लक्षणको विषयमा नीतिमा भनिएको छ-सर्पको दाँतमा विष हुन्छ, झिँगाको शरीरमा विष हुन्छ, बिच्छीको पुच्छरमा विष हुन्छ तर दुर्जनका सबै अङ्ग विषै विषले भरिएको हुन्छ (१७.८) । भोजन, निद्रा, भय, मैथुन यी कुरामा मानिस र पशुमा समानता छ । मानिसमा ज्ञान विशेष बढी छ । ज्ञानविनाको मानिस पशु समान छ (१७.१७) । विश्वास गर्न नहुने विषयमा भनिएको छ-नदीनां शस्त्रपाणीनां नखीनां श्रृङ्गगणां तथा । विश्वासो नैव कर्तव्यः स्त्रीषु राजकुलेषु च ॥ यस श्लोकको अर्थ हो-नदी, नङ्ग्रा भएका जनावर, सिङ भएका जनावर, हतियारधारीको कहिल्यै विश्वास नगर्नू (१.१६) । यी सबै नीतिहरू वास्तवमै हितकारी छन् ।

खास अवस्थामा मातापिता पनि शत्रु समान हुन्छन् भन्ने विषयमा नीति मा भनिएको छ- ऋण गर्ने पिता सत्रु हो । व्यभिचारीणी माता सत्रु हो, रूपवती पत्नी शत्रु हो, मूर्ख पुत्र शत्रु हो (२.१२) । त्याग्नुपर्ने विषयमा भनिएको छ-त्यजेद्धर्म दयाहीनं विद्याहीनं गुरुं त्यजेत् । त्यजेत्क्रोधमुखीं भार्यान्निः स्नेहानबाधवांस्त्यजेत् ॥ (४.१६) । अर्थात् दयारहित धर्मलाई त्यागी दिनू, विद्याहीन गुरुलाई त्यागी दिनू, क्रोधी वचन बोल्ने व्यक्तिलाई अलग राख्नू, स्नेहरहित बन्धुलाई त्यागिदिनू । काम वासना बराबर दोस्रो रोग छैन, अज्ञानता बराबर अर्को शत्रु छैन, क्रोध बराबर अर्को आगो छैन, ज्ञान बराबर अर्को सुख छैन (५.१२) । को कहाँ मित्र हुन्छन् भन्ने विषयमा भनिएको छ - प्रवासमा विद्यामित्र, घरमा पत्नी मित्र, रोगीलाई औषधी मित्र, मृत्युपछि धर्म मित्र हुन्छ (५.१६) । चाणक्य नीतिका अनुसार मातापिता पाँच किसिमका हुन्छन् । नीति भन्छ- जनिता चोपनेता च यस्तु विद्यां प्रयच्छति । अन्नदाता भयत्राता पञ्चैते पितरः स्मृताः ॥ राजपत्नी गुरोः पत्नी मित्र पत्नी तथैव च । पत्नी माता स्वमाता च पञ्चैता मातरः स्मृता ॥ (५.२२–२३) । यसको अर्थ हो-जन्म दिने, संस्कार दिने (कर्मचलाइदिने), विद्या दिने, अन्न दिने, भयबाट बचाउने यी पाँच पिता हुन् । रानी, गुरुमाता, मित्रपत्नी, सासु, आमा, यी पाँच माता हुन् । यो कथन आजको समाजका लागि ज्यादै हितकारी र मननीय देखिन्छ । कसलाई कसरी वशमा ल्याउने भन्ने विषयमा नीति भन्छ- लोभीलाई धनले, अहंकारीलाई हात जोडेर, मूर्खलाई उसको इच्छाअनुसार गरेर र पण्डित (विद्वान्) लाई सच्चाइद्वारा वशमा ल्याउनुपर्छ (६.११) । मानिसले सन्तोष गर्नुपर्ने र नगर्नुपर्ने विषयमा भनिएको छ - आफ्नी पत्नी, धन र भोजनमा सधैं सन्तोष गर्नू । अध्ययन, जप र दानमा कहिल्यै सन्तोष नगर्नू (७.४) । धनमा, जीवनमा, स्त्रीमा, भोजनमा अतृप्त भएरै सबै प्राणी गए, गइरहने छन् र जाने छन् (१६.१३) । धर्म, धन, धान, गुरुको वचन, र औषधी संग्रह गरेर राख्नु अन्यथा मानिस बाँच्न सक्दैन (१४.१९) । कसलाई जगाउनु उचित हो र कसलाई जगाउनु अनुचित हो भन्ने विषयमा नीतिले भनेको छ-विद्यार्थी सेवकः पान्थः क्षुधार्तो भयकातरः । भाण्डारी प्रतिहारी च सप्त सुप्तान् प्रबोधयेत् ॥ अहिं नृपं च शार्दुलं बराटं बालकं तथा । परश्वानं च मूर्ख च सप्त सुप्तान्न बोधयेत् ॥ (९.६-७) । अर्थात् विद्यार्थी, सेवक, यात्री, भोको, डराएको व्यक्ति, भण्डारी, द्वारपाल यी सात सुतेका भए जगाइदिनू । तर सर्प, राजा, बाघ, सुगुर, बालक, अर्काको कुकुर र मूर्ख यी सातलाई नव्युँझाउनू । यी उपदेशले मानिसको सामाजिक दायित्वलाई उजागर गरेको छ ।

पुत्र, पिता, पत्नी र मित्रहरूको दायित्व को विषयमा भनिएको छ - त्यो पुत्र हो, जो पिता भक्त छ,

त्यो पिता हो, जसले पालन गर्छ, त्यही मित्र हो जसलाई विश्वास गरिन्छ, त्यो पत्नी हो जसद्वारा सुख प्राप्त हुन्छ (२.४) । एक श्लोकमा पुरुष र महिलाबिचमा यसरी तुलना गरेको छ-स्त्रीणां द्विगुण आहारो लज्जा चापि चतुर्गणा । साहसं षड्गुणं चैव कामश्चाष्टगुणः स्मृत ॥ (१.१७) आशय यो हो-पुरुषको तुलनामा महिलामा भोजन क्षमता दुई गुणा बढी हुन्छ, लज्जा चार गुणा बढी हुन्छ, साहस छ गुणा बढी हुन्छ र कामवासना आठ गुणा बढी हुन्छ (१.१७) । भलै यो कथनको विज्ञानसम्मत् पुष्टि त छैन होला तर समाजमा यस्ता भाष्यहरू प्रचलनमा छन् । यी भाष्यहरू  लैंगिक दृष्टिले आलोच्य पनि छन् । को को चाँडै नष्ट हुन्छन् भन्ने सवालमा नीति भन्छ - नदी किनारको रुख, अर्काको घरमा जाने महिला, मन्त्रीविनाको राजा, यी चाँडै नष्ट हुन्छन् (२.१६) । कसको बल केमा हुन्छ भन्ने विषयमा भनिएको छ- ब्राह्मणको बल विद्या हो, राजाको बल सेना हो, वैश्यको बल धन हो, शुद्रको बल सेवा हो (२.१८) । कसले कसलाई छोड्छन् भन्ने विषयमा श्लोकमा भनिएको छ- निर्धनं पुरुषं वेश्या प्रजा भग्नं नृप त्यजेत् । खगा वीतफलं वृक्षं भुक्त्वाचाभ्यागतागृहम् ॥ (२.१९) । यसको अर्थ हो- निर्धन व्यक्तिलाई वेश्याले, शक्तिहीन राजालाई प्रजाले, फलरहित वृक्षलाई चराले, भोजनपछि अतिथिले घरलाई छोडिदिन्छन् । नीतिले अति हुनुलाई हानिकारक मानेको छ - अति सुन्दरताका कारण सीताको अपहरण भयो, अति गर्वले रावण मारियो, अति दानले बलिराजाले बाँधिनुपऱ्यो । त्यसैले अतिलाई छोडिदिनू (३.१२) । नीतिका अनुसार यदि सामर्थ्य छ भने जे पनि हुन सक्छ या गर्न सकिन्छ- सामर्थ्यका लागि के कुरा भारी हुन्छ, व्यावसायिकका लागि कुन ठाउँ टाढा हुन्छ, राम्रो विद्या आर्जन गरेकालाई कहाँ विदेश हुन्छ, प्रियवादीका लागि अप्रिय को हुन्छ (३.१३) । नीतिमा पुत्र र कुपुत्रको बिचमा यसरी भेद गरिएको छ-एकेनापि सुवृक्षेण पुष्पितेन सुगन्धिना । वासितं तद्वनं सर्वं सुपुत्रेण कुलं यथा ॥ एकेन शुष्कवृक्षेण दह्यमानेन वन्हिना । दह्यते तद्वनं सर्व कुपुत्रेण कुलं यथा ॥ (३.१४-१५) । तात्पर्य हो-सुन्दर फूल र मिठो वासना भएको एउटै वृक्षले वन सुभाषित हुन्छ, जसरी एक सुपुत्रले कुल सुवासित हुन्छ । एउटै सुकेको रुखमा लागेको आगोले सबै वन जलाउँछ, त्यसरी नै एउटै कुपुत्रले कुल नै जलाउँछ । यी कथनहरू ज्यादै मार्मिक र व्यावहार उपयोगी छन् । हाम्रो सामाजिक जीवनमा पनि यस्ता उदहारणहरू धेरै देख्न र सुन्न पाइन्छ । देवताको वासको सन्दर्भमा नीतिमा भनिएको छ- न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये । भावे हि विद्यते देवस्तस्माद्भावो हि कारणम् ॥ (८.१५) । भनाइको आशय हो-देवता काठमा छैन, न ढुंगामा छ, न माटोको मूर्तिमा छ, देवता निश्चय नै भावमा विद्यमान हुन्छ । यस भनाइले मानिसलाई अन्धविश्वासमा हैन श्रद्धामा ईश्वर खोज्न सिकाएको छ ।

माथि उल्लेख गरिएका कुराहरू चाणक्य नीतिमा भएका केही घतलाग्दा व्यवहार उपयोगी नीति मात्र हुन् । यस्ता धेरै नीतिहरू चाणक्य नीतिमा देख्न सकिन्छ । एउटै लेखमा ती सबै कुराहरू अटाउन असम्भव हुन्छ । समग्रमा चाणक्य नीति मानव व्यवहारका लागि उपयोगी ग्रन्थ देखिन्छ । यसका नीतिगत उपदेशहरू झट्ट हेर्दा सामान्य र आफूले जानिरहेका जस्तो लाग्छ, तर गहिराइपूर्वक यसमा चिन्तन मनन गर्दै जाने हो भने त्यसबाट धेरै उपयोगी र ज्यादै गहन शिक्षा प्राप्त हुन्छन् । मानिसलाई आफ्नो कर्तव्य पालन गर्न, व्यावहारिक जीवनका कर्महरूलाई चिन्तन मनन गरेर मात्र गर्न, व्यवहारमा निपूर्णता प्राप्त गर्न, चार पुरुषर्थको प्राप्तिद्वारा जीवनलाई सार्थक बनाउन, सुखी र सन्तुष्ट जीवनयापनका लागि चाणक्य नीतिले मानिसलाई उत्प्रेरित गरेको छ । चाणक्य नीतिमा उल्लेख भएका कतिपय नीतिहरू वर्तमान समयमा असान्दर्भिक पनि हुन सक्लान् तर त्यस्ता कुराहरू तत्कालीन समाजका लागि उपयागी थिए होला ।

यस नीतिमा उल्लेख भएका धेरेजसो उपदेशहरू आजको समाजको खाँचोको रूपमा देख्न सकिन्छ ।

## शैक्षिक तथा व्यावहारिक उपादेयता

आचार्य चाणक्यद्वारा सृजित चाणक्य नीतिमा ज्यादै घतलाग्दा र व्यवहार उपयोगी नीतिहरू रहेछन् । उक्त कृति तत्कालीन समाजको सुव्यवस्थाका लागि सृजना गरिएको भए तापनि आजको शैक्षिक, सामाजिक तथा व्यावहारिक जीवनमा समेत उपयोगी रहेछ किनकी यस नीतिमा धर्म र आध्यात्मलाई स्थान दिइएको छ (शर्मा, २०१३) । धर्म र अध्यात्म मानव जीवन र संस्कृतिका परिपूरक पक्ष हुन् ।

शैक्षिक दृष्टिले हेर्दा यस ग्रन्थमा ज्यादै उपयोगी देखिने नीतिहरू समेटिएको पाइन्छ । चाणक्य नीतिले विद्यालाई अमृतसमान दूध दिने कामधेनु र ममतामयी माताको रूपमा लिएको देखिन्छ । विद्यालाई सर्वोत्कृष्ट साधन, रूप र सुन्दरताको तुलनामा अझ महत्त्वपूर्ण, कुललाई प्रकाशित गर्ने साधन, पूजनीय हुने आधारको रूपमा हेरिएको छ । जसले मानिसलाई विद्याको सतत साधना गर्न उत्प्रेरित गर्छ । भौतिकवादी शिक्षाले केवल आर्जन गर्ने सीप दक्षताको कसीमा शिक्षालाई महत्त्व दिएको परिवेशमा चाणक्य नीतिले शिक्षालाई दिएको महत्त्व बढी व्यावहारिक र व्यापक देखिन्छ ।

चाणक्यको विचारमा मानिसको दुःखको कारण शिक्षाको अभाव र अनुशासनहीनता हो (Saxena, 2015) । अनुशासित वातावरणमा सुशिक्षाको मध्यमद्वारा दुखः निवारण हुने कुरा नीतिमा उल्लेख गरिएको छ । यो वैदिक शिक्षा परम्पराको सार पनि हो । सायद दुःख निवृत्तिबिना मानिसको उन्नति असम्भव छ । नीतिमा उल्लेखित दुःख निवारणका साधनहरू शैक्षिक र सामाजिक दृष्टिले अनुकरणीय र मननीय छन् । चाणक्यद्वारा प्रतिपादित नियम तथा अनुशासन सम्बन्धी कुराहरू आधुनिक शिक्षा प्रणालीले पनि अनुसरण गरेको देखिन्छ (Muszumder, 1916) ।

आधुनिक शिक्षा प्रणालीको मूल उद्देश्य अर्थ र काम (आर्जन र उपभोग) हो । तर चाणक्यले शिक्षालाई चार पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) को साधन मानेका छन् । यी चार पुरुषार्थ मानिसको सर्वाङ्गीण विकाससँग सम्बन्धित छन् । पुरुषार्थ प्राप्तिको कुरा जीवनपर्यन्त शिक्षा (Lifelong education) सँग पनि जोडिएको हुन्छ । त्यसैले पुरुषार्थ प्राप्ति आजको युगमा पनि शिक्षाको लक्ष्य/उद्देश्यको रूपमा स्वीकार्य छ । शिक्षाका विषयहरू धेरै छन्, मानिसको छोटो जीवनमा ती सबै ज्ञानको अभ्यास असम्भव छ र त्यस्ता ज्ञानहरूको सार ग्रहण गर्नुपर्छ भन्ने चाणक्य नीतिको भनाइ आज पनि त्यत्तिकै सान्दर्भिक र उपयोगी छ । यही कुरा सारवादी (Perennialists) शैक्षिक चिन्तकहरूले पनि भनेका थिए ।

आज नैतिक शिक्षा र धर्मको शिक्षा प्राय लोप भएको छ । वर्तमान शिक्षा प्रणालीको प्रमुख त्रुटि धार्मिक तथा नैतिक शिक्षा नदिनु हो (बाजपेयी, १९४९) । शिक्षा व्यवस्थाले चरित्र निर्माणको पक्षलाई उपेक्षा गरिएको छ । सिद्धान्तहीन शिक्षाले समाज विस्तारै आसुरी रूप तर्फ उन्मुख छ । स्वाभिमानको स्वास निस्तेज भएको छ (श्रीमाली, १९६८) । यसको परिणाम स्वरूप विद्यार्थीमा सदाचार र नीतिको विकास हुन सकेन । चाणक्य नीतिमा समेटिएका विषयवस्तुहरूले नैतिक र व्यवहार उपयोगी गुण विकास गर्न जोड दिएकोले ती कुराहरू आजको आवश्यकता पनि हुन् ।

भौतिकवादी नीतिका कारण आज संसारमा झूट, धोका, वेइमानी, हिंसा, चोरी, डकैटी, विश्वासघात, जस्ता प्रवृत्तिहरू दिन-प्रतिदिन वृद्धि भइरहेको छ (१९६४) यस परिवेशमा नैतिक शिक्षा संसारको पुकार हो । प्रत्येक मानिसलाई उत्तम नागरिक

बनाउन धर्मनीतिको शिक्षा आवश्यक छ (बाजपेयी, १९४९)। जसका लागि चाणक्य नीतिलाई सिकाइको स्रोतको रूपमा उपयोग गर्न सकिन्छ।

शैक्षिक प्रक्रियामा विद्यार्थी सक्रिय हुनुपर्छ, निरन्तर अभ्यासमा संलग्न हुनुपर्छ, योग्य गुरुबाट श्रवण गर्नुपर्छ र योग साधनाद्वारा सिक्नुपर्छ भन्ने चाणक्य नीतिका वचन वर्तमान शिक्षा व्यवस्थामा अनुकरणीय छन्। आजको युगमा सिकाइका लागि योग विधिको प्रयोग अत्यन्तै लोकप्रिय भइरहेको छ। चाणक्य नीतिमा आधुनिक शिक्षाले अपेक्षा गर्ने मूल्याङ्कनको तरिका पनि रहेछ। अभ्यास, प्रदर्शित व्यवहार र गुणको अवलोकनद्वारा विद्यार्थीको मूल्याङ्कन गर्नुपर्छ भन्ने कुरा नीतिमा उल्लेख गरिएको छ। यो विचार पनि शैक्षिक दृष्टिले अनुकरणीय छ।

चाणक्य नीतिले बालबालिकाको शिक्षाका लागि मातापितालाई उत्तरदायी हुन भनेको छ। विद्यार्थीहरूलाई विद्या प्राप्तिमा लाज नमान्न, सिकिएको विषयमा निपूर्णता प्राप्त गर्न र प्रयत्नपूर्वक विधाको साधन गर्न निर्देशित गरेको छ। यसरी नै पवित्र रहन, नैतिक आचरणहरू पालन गर्न, काम क्रोध लोभजस्ता प्रवृत्ति त्याग गर्न, धेरै सुत्ने तथा धेरै अनिद्रामा रहने बानी छोड्न भनेको छ। सायद यी व्यवहारहरू हाम्रो शिक्षा प्रणालीले सिकाउन नसकेको कारण नै विद्यार्थीहरूमा उद्दण्डता र असन्तुलित व्यवहार देखिएको हुन सक्छ। यदि विद्यार्थीको ध्यान मिठो खाने, राम्रो लाउने र शृङ्गारतर्फ उत्प्रेरित भयो भने कसरी उसको सर्वाङ्गीण विकास हुन सक्ला र ? चाणक्य नीतिले पाँचदेखि पन्ध्र वर्षका उमेर समूहका विद्यार्थीलाई दण्ड दिनु उपयुक्त हुने कुरा उल्लेख गरेको छ। यो सवाल उत्तर आधुनिक शिक्षा प्रणालीमा ग्राह्य छैन। तर यहाँ दण्ड भनेको भौतिक दण्ड हो या सांकेतिक दण्ड हो भन्ने कुरा स्पष्ट छैन। सांकेतिक दण्ड या पुरस्कार दिने कुरा त आधुनिक शिक्षामा पनि प्रयोग गरिएकै थियो। इस्लामिक शिक्षा परम्परामा त भौतिक दण्ड पनि ग्राह्य छ।

चाणक्य नीतिले गुरुको अपरिहार्यतालाई स्वीकार गर्छ। गुरुले विद्यार्थीको सुपात्रता पहिचान गर्नुपर्छ र सुपात्रलाई मात्र शिक्षा दिनुपर्छ। गुरु ब्रह्मचारी हुनुपर्छ। ब्राह्मण प्रवृत्तिको व्यक्ति मात्र गुरु हुन सक्ने कुरा चाणक्य नीतिमा उल्लेख गरिएको छ। शिक्षक-योग्य, दक्ष र नैतिक हुनुपर्छ भन्ने कुरा आजको युगको पनि माग हो। तर, चाणक्यले सिफारिस गरेको शिक्षा नीति जात र लैङ्गिक दृष्टिले विभेदपूर्ण थियो (Saxena, 2015) भनी आलोचना पनि हुने गरेका छन्। त्यो विभेद तत्कालीन समाजमा ग्राह्य थियो होला तर आजको समाजले त्यस किसिमको विभेद लाई स्वीकार्न सक्दैन।

चाणक्य नीतिमा जीवन उपयोगी नीतिहरू धेरै रहेछन्। सायद तत्कालीन सामाजिक जीवनलाई मध्यनजर गरी ती नीतिहरू विकास भएका होलान्। आजको युगमा ती सबै नीतिहरू सान्दर्भिक नहुन पनि सक्छन्। तर कतिपय नीतिहरू ज्यादै घतलाग्दा र अनुकरणीय पनि छन्। यदि मानिसलाई भौतिक, सामाजिक, नैतिक र आध्यात्मिक प्राणी मान्ने हो भने चाणक्य नीतिका उपदेशहरू सार्थक छन्। किनकि यसमा भौतिक उन्नतिको नीति, राजनीति, समाजनीति, व्यवहारनीति, अध्यात्मनीतिसँग सम्बन्धित विषयहरू छन्। त्यसैले ती नीतिहरूले मानव जीवनका समग्र पक्षहरूको प्रतिनिधित्त्व गर्छ। अर्को शब्दमा भन्ने हो भने यस शास्त्रले नैतिकताको प्रशिक्षण गर्छ। सुख दुःखका कारण र निराकरणका उपायहरू प्रस्तुत गर्छ। पाप र पुण्य कर्मको विवेचना गर्छ। असल संगतमा रहन निर्देशित गर्छ। मातापिताको सन्तानप्रतिको दायित्व र सन्तानको मातापिताप्रतिको कर्तव्यको विषयमा शिक्षण गर्छ। मानिसले ग्रहण गर्नुपर्ने

र गर्न नहुने विषयहरू उजागर गर्छ । मानिसले आफ्नो प्रतिष्ठालाई उन्नत बनाउने उपायहरू बताउँछ । सत्यमा आधारित आर्जन र भोग गर्ने कुरामा उत्प्रेरित गर्छ । शत्रु र मित्र पहिचान गर्ने आधार प्रस्तुत गर्छ । के यस्ता शिक्षणहरू आज आवस्यक छैनन् र ? त्यसैले यो नीति शास्त्र व्यवहारविज्ञानको रूपमा स्थापित छ । चाणक्यले स्वयम् नीतिशास्त्रलाई विज्ञान भनेका छन् (शर्मा, २०१३) ।

यहाँ चाणक्य नीतिमा समेटिएका केही जीवन उपयोगी नीतिहरूको मात्र चर्चा गरियो । उक्त शास्त्रभित्र यस्ता अनेकौ नीतिहरू छन् । मानिसको आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक जीवन, र राष्ट्रको जीवनका विभिन्न आयामलाई उन्नत बनाउने शिक्षण उक्त नीतिमा समेटिएको देखिन्छ । व्यावाहरिक जीवनयापन गर्ने व्यक्ति र राष्ट्रका अंगहरूमा काम गर्ने मानिसहरूलाई चाणक्य नीतिको अध्ययन फलदायी छ भन्नुमा कुनै अत्युक्ति हुँदैन ।

## निष्कर्ष

वर्तमान सभ्यताको आधार इतिहास हो तर हाम्रो सामाजिक शैक्षिक व्यवस्थाले विगततर्फ फर्किएर हेर्ने कुरालाई उपेक्षा गरेजस्तो लाग्छ । हाम्रा पुराना सांस्कृतिक सम्पदा र गौरवको रूपमा रहेका पुराना ग्रन्थहरू पढ्ने र त्यसबाट शिक्षा ग्रहण गर्ने परम्परा लगभग समाप्त भइसकेको छ । चाणक्य नीति नामक शास्त्र पुरानो भए पनि जीवन्त उपयोगी छ भन्न कुरा हामी धेरैलाई थाहा नहुन सक्छ । किनकि हाम्रो शिक्षा प्रणाली पश्चिमी आधुनिक शिक्षा प्रणालीद्वारा अनुप्राणित छ । पुर्खाहरूको अनुभव तथा व्यावहारिक कसीमा परीक्षण भएर आएका नीति ग्रन्थहरू विरासदको रूपमा हाम्रो कल्याणका लागि पुर्खाहरूले छोडेर गएका नासो हुन् । मानिसको जीवन यात्रा अपेक्षा गरेजस्तो सरल र सहज नहुन सक्छ । जीवन यात्राका मार्गमा मानिसलाई चिन्तन र विचार चाहिन्छ । विधि र प्रविधि चाहिन्छ । अनुभव चाहिन्छ । जुन कुरा हामी चाणक्य नीतिको अध्ययनद्वारा पनि प्राप्त गर्न सक्ने रहेछौँ जसको अध्ययनले मानिसको सोचाइको क्षितिजलाई व्यापक बनाउने रहेछ । व्यवहारकुशलता प्रदान गर्ने रहेछ ।

सायद हाम्रो समाज नीतिविहीन राजनीति, नैतिकताविहीन सामाजिक जीवन, कुटनीतिविहीन अन्तर्राष्ट्रिय सम्बन्ध, मानव मूल्यविहीन प्रतिस्पर्धामा दौडिएको छ । नैतिक आदर्शको स्खलन भएकै कारण विश्व, राष्ट्र, समाज, परिवार र व्यक्तिहरू भौतिक तथा मानसिक रूपले प्रताडित छन् । नयाँ सामाजिक तथा शिक्षा नीतिहरूले सामाजिक, राजनैतिक र पर्यावरणीय समस्याहरूको संवोधन गर्न सकिरहेका छैनन् । यदि हाम्रा शास्त्रहरूले निर्दिष्ट गरेका नीतिहरूलाई समेत मध्यनजर गरी वा पुराना र नयाँ नीतिहरूको संयोजनद्वारा नीति निर्माण गर्ने हो भने सफलता मिल्न सक्छ होला भनी अनुमान गर्न सकिन्छ ।

यो शास्त्र सबैका लागि पठनीय देखिन्छ । विशेषतः हाम्रो देशका राजनीतिज्ञहरूको चेत विकास गर्न यो शास्त्र ज्यादै उपयोगी छ । शिक्षण पेसामा संलग्नहरू, नीति निर्माताहरू, राज्यका निकायहरूमा काम गर्ने कर्मचारीहरू र विद्यार्थीहरू लगायतका सबैलाई यो ग्रन्थको अध्ययनबाट भरपूर खुराक प्राप्त हुने कुरामा कुनै सन्देह छैन । हाम्रा प्राज्ञिक निकायहरू यस्ता ग्रन्थहरूको अध्ययन अनुसन्धानप्रति उदासिन देखिन्छन् । शैक्षिक तथा सामाजिक दृष्टिले यस्ता ग्रन्थहरूको अध्ययन अनुसन्धानमा चासो राख्नु समयको माग हो ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, ओमप्रकाश (संवत्.२०६८), *चाणक्य नीति दर्पण,* वाराणसी : दुर्गा साहित्य भण्डार ।

अर्याल, मदनप्रसाद (संवत्.२०६४), *चाडक्य जीवनी र नीतिशास्त्र,* काठमाडौं : श्रीमती रमादेवी अर्याल ।

आत्रेय, भीखनलाल (१९६४), *भारतीय नीति शास्त्रका इतिहास,* लखनउ : हिन्दी समिति, सूचना विभाग, उत्तर प्रदेस ।

शर्मा, ओमप्रकाश र वर्मा, रामचन्द्र (२०० ९), *आचार्य चाणक्य विचरित सम्पूर्ण चाणक्यनीति,* हरिद्वार : किताब घर प्रकाशन ।

चौबे, सरयूप्रसाद (१९५९), *भारतीय शिक्षाका इतिहास,* इलाहावाद : रामनारायण लाल ।

पाण्डेय, रूपनारायण (२००३), *चाणक्य नीति दर्पण,* लखनउ : तेजकुमार बुक डिपो ।

पोखरेल, हरिप्रसाद (२०७४), *विद्यालयीय नैतिक शिक्षामा चाणक्य नीतिको प्रभाव* (अप्रकाशित विद्यावारिधी शोध), भक्तपुर : नेपाल संस्कृत विश्वविद्यालय ।

विद्याभास्कर, रामावतार (१९४६ ), *चाणक्यसूत्राणि,* पारडी : स्वाध्याय-मंडल ।

श्रीमाली, राधाकृष्ण (१९८६), *चाणक्य नीति,* नई दिल्ली : अनुराग प्रकाशन ।

वाजपेयी, लक्ष्मीधर (१९४९), धर्म शिक्षा, प्रयाग : *तरुण भारत ग्रन्थावली,* दारागंज ।

शर्मा, पण्डित मिहिर चन्द्र (संवत १९८२), *श्री चाडक्य विररचितः चाडक्य नीति दर्पणः पद्य, गद्य, भाष टीका समेत,* मुम्बई : श्री कृष्णदाशात्मज–गंगा विष्णुना स्वकीये, लक्ष्मीवेकटेश्वर मुद्रणलये मुद्रयित्वा प्रकाशित ।

शर्मा, विश्वामित्र (२०१३), *सम्पूर्ण चाणक्य नीति, चाण्क्य सूत्र और जीवन-गाथा,* दिल्ली : मनोज पब्लिकेसन्स ।

शास्त्री, वासुदेव द्विवेदी (सं.२०३५), *नीति शिक्षा,* वाराणसी : सार्वभौम संस्कृत - प्रचार कार्यालय ।

Chaturvedi, B.K. (2013). *Chanakya Neeti (Chanakya's Aphorism on Morality).* New Delhi: Diamond Pocket Books (P) Ltd.

Crotty, M. (1998). *The foundations of social science research*. St. Leonards, New South Wales: Allen and Unwin.

Muzumder, N.N. (1916). *History of education in ancient India.* Macmillan and Com. Ltd.

Rukmani, T. S. (2008). Philosophical hermeneutics within a Darśana (Philosophical School). *The Journal of Hindu Studies,* (1), pp.120–137. Retrieved from oxfordjournals.org

Saxena, M. (2015). System of education in the period of Chanakya - A Critique. *The Indian Journal of Political Science 76* (3), pp. 260-266. Retired from https://www.jstor.org.

Vieira, K. A. L. & Queiroz, G. M. (2017). Hermeneutic content analysis: a method of textual analysis. *International Journal of Business Marketing and Management (IJBMM)* *2*(8), pp. 08-15. Retrieved from http://www.ijbmm.com/paper/Sep2017/1743407743.pdf